# बगनासकाली गाउँपालिकाको आर्थिक वर्ष ०७४/०७५ को प्रथम गाउँ सभामा प्रस्तुत नीति, बजेट तथा कार्यक्रम

बगनासकाली गाउँसभाको सम्मानित गाउँ परिषद्मा पाल्नु हुने प्रमुख अतिथिज्यू

विशिष्ठ अतिथिज्यूहरू,

केन्द्रस्तरीय राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यूहरू,

माननीय जिल्ला न्यायधिशज्यू,

प्रमुख जिल्ला अधिकारी ज्यू,

स्थानीय विकास अधिकारीज्यू,

जिल्लास्तरीय राजनैतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यूहरू,

गाउँपालिका उपाध्यक्ष ज्यू,

कार्यकारी अधिकृत ज्यू,

गाउँसभाका सदस्यज्यूहरू,

श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिका सदस्यज्यूहरू

न्यायिक समितिका सदस्य ज्यूहरू
राजश्व परामर्श समितिका सदस्य ज्यूहरू
बजेट तयारी समितिका सदस्यज्यूहरू
विषयत समितिका सदस्य ज्यूहरू
राजनैतिक दलका गाउँप्रतिनिधिज्यूहरू,
विभिन्न बिषयगत कार्यालयका कार्यालय प्रमुख एवं प्रतिनिधिज्यूहरू,
विभिन्न सरकारी तथा गै.स.सं. का प्रमुख एवं प्रतिनिधिज्यूहरू,
गाउँपालिकामा रहनु भएका महिला, बालवालिका,आदिवासी/जनजाति, दलित, अपाङ्ग, जेष्ठ नागरिक, पिछडिएको लगायत विभिन्न वर्ग समूह, समितिमा प्रतिनिधित्व गर्नुहुने प्रमुख/प्रतिनिधिज्यूहरू

पत्रकार मित्रहरू,
आमन्त्रित अतिथिज्यूहरू,
कर्मचारी साथीहरू,
एवं आदरणीय गाउपालिका निबासी आमा- बुवा , दाजु-भाई तथा दिदी- बहिनीहरू,

जनसमुदायको चाहना अनुसार नेपाल सरकारको मिति २०७३ चैत्र २७ गतेको निर्णय अनुसार पाल्पा जिल्लाका साविक नौं गा.वि.स.हरू चिर्तुङ्गधारा, पोखराथोक, नायरनमतालेस, खानीछाप, दर्लमडाँडा, यम्घा, खानीगाउ, बराङदी र चापपानी लाई समाहित गरी बगनासकाली गाउँपालिका घोषणा भएकोमा आम गाउंपालिकाबासीहरूमा जानकारी एवं खुशी ब्यक्त गर्न चाहन्छु । बगनासकाली गाउँपालिका नेपाल सरकारद्धारा भरखरै घोषणा भएकोले यसको इतिहास निकै पुरानो मानिन्छ । परापूर्व कालमा चिलाङ्दी भन्ज्याङ्को आसपासमा घना-वन रहेको मानिसहरूको आवादी वढदै जादा घना वन मासेर बस्ति बसाइएकोले यो ठाउँलाई "वनमास" भनियो । बगनासडाँडाको शिरमा देवीको मन्दिर स्थापना गरि यस ठाउँलाई पवित्र स्थानका रूपमा पुजिदै आईएको छ । कालान्तरमा वनमास शब्द अपभ्रम्स भएर बगनास भएको इतिहास हामीले सुन्न र पढन पाईन्छ । राज्य पुर्नसंरचना गरी संघीय शासन ब्यवस्था लागू गर्ने सन्दर्भमा साविक चिर्तुङधारा गा.वि.स. को शिरमा रहेको यही पवित्र धार्मिक स्थल बगनास देविस्थान र साविक यम्घा, दर्लमडाँडा र खानीगाऊ गा.वि.स. हरूको काखमा बहने पवित्र नदी कालीगण्डकी जस्ता दुई पवित्र स्थानहरूको संयोजनबाट नामाङ्कित यस बगनासकाली गाउँ पालिकाको प्रथम गाउँ सभाको अवसरमा पाल्नु हुने गाउसभाका प्रमुख अतिथि, विशिष्ट अतिथि, विशेष अतिथि र अतिथिहरू लगायत सम्पूर्ण महानुभावहरूमा हार्दिक स्वागत गर्न चाहन्छु ।

पाल्पा जिल्लामा बगनासकाली गाउंपालिका भएर रहेको सिद्धार्थ राजमार्ग, बगनास देवीस्थानको मनोरम दृश्य, फराकिलो माडी फाँट, केहि सम्म र केहि भिराला कृषि मैदान जस्ता प्राकृतिक, धार्मिक, तथा पर्यटकीय क्षेत्रहरू प्रचुर सम्भावना रहेको यस बगनासकाली गाउपालिकाको प्रथम गाउँ सभा मार्फत आ.व. ०७४/०७५ को वार्षिक नीति तथा कार्यक्रम, बजेट प्रस्तुत गर्न पाउदा म अत्यन्तै गौरवान्वित भएको छु ।

गाउबासीले आफ्ना आवश्यकतालाई सम्वोधन गर्ने योजनाहरू आफ्नै सक्रिय सहभागितामा छनौट गर्न सकुन भन्ने उद्देश्यले प्रत्येक वडास्तरमा सहभागितामूलक योजना तर्जुमा प्रक्रियामा वडावासीहरूको ब्यापक सहभागिता र वडाका जननिर्वाचित प्रतिनिधिहरूको पूर्ण सक्रियतामा वडास्तरीय योजना तर्जुमा, राजश्व परामर्श समितिको बैठक र विभिन्न सरोकारवालाहरूसँग अन्तरक्रिया छलफल र समन्वय गरि गाउँ कार्यपालिकाले तयार गरेको आगामी आर्थिक वर्ष २०७४/०७५ को वार्षिक गाउँपालिकाको विकास योजनाको नीति तथा कार्यक्रम र बजेटको बिवरण सहित यहाँहरू सामु उपस्थित भएको छु ।

हाम्रो गाउँपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक विविधता एवं भौगोलिक अवस्थाका आधारमा हाम्रा विकासका पूर्वाधारहरू तय गर्दै जानु पर्ने अवस्था रहेको छ । स्थानीय तहमा क्रियाशिल राजनैतिक दलहरू, स्थानीय समुदाय र गाउँपालिकाको संयुक्त प्रयासमा स्थानीय श्रोत, साधन र क्षमतालाई महत्तम परिचालन गरि सामाजिक, आर्थिक क्षेत्रमा परिवर्तन ल्याउन पूर्वाधार विकास एवं क्षमता विकासका कार्यक्रमहरू मार्फत विकासलाई अगाडि बढाउन उपयुक्त देख्दछु । गाउँपालिका भित्रका आर्थिक सामाजिक अवस्था कमजोर भएका आम जनताको भावनालाई समेटेर हामी बगनासकालीवासी सन्तुलित विकासका लागि श्रोत परिचालन गर्नु पर्ने हाम्रा सामु चुनौती रहेको छ । सिमित श्रोत साधन, न्यून आन्तरिक श्रोत गाउवासीलाई दैनिक सेवा प्रवाह गर्नुपर्ने हाम्रा कार्यालय भवन अस्थायी रहेको, वडा कार्यालय भवनहरू जीर्ण एवं अपुरा रहेका, प्राय गाउँपालिकाका सबै भेगमा सहज आवागमनका बाह्रै महिना चल्ने सडक नभएको अवस्था हामी सामु छ । उल्लेखित समस्या, चुनौतीहरूको सामना गर्न सबै गाउँवासीको सहयोग, सहभागिता, सहमति र समझदारीबाट मात्र सम्भव रहन्छ ।

यस गाउँपालिकाको पूर्वमा रम्भा गाउँपालिका, पश्चिममा तानसेन नगरपालिका, उत्तरमा कालीगण्डकी नदी र दक्षिणमा माथागढी गाउँपालिका रहेका छन् । यीनै चारकिल्लाको बीचमा रहेको यस बगनासकाली गाउँपालिका बजार उन्मूख बस्तिको रूपमा स्थापित हुन गैरहेको छ । यस गाउँपालिकामा सडक, खानेपानी, विद्युत, शिक्षा, स्वास्थ्य जस्ता आधारभूत सेवा सुविधाको गुणस्तरमा वृद्धि गर्दै गाउको छुट्टै पहिचान कायम गर्न ढिलो गर्न नहुने तर्फ सम्पूर्ण गाउवासीहरू चनाखो हुनु पर्ने देखिन्छ । यस बगनासकाली गाउँपालिका क्षेत्रका महत्वपूर्ण योजनाहरूलाई यहांका क्रियाशिल राजनैतिक दल, सामाजिक संघ संस्था, समाजसेवी, उद्योगी, ब्यवसायी, संचारकर्मी एवं गाउँपालिकाबासीहरूको सहयोग र सहभागितामा अघि वढाउदै दीगो विकासलाई ब्यवस्थित र स्थापित गराउन पर्यत्नशिल रहेको छु । नेपाल सरकार अर्थ मन्त्रालय बाट प्राप्त स्थानीय तहको नीति, कार्यक्रम र बजेट तथा सार्वजनिक सम्पत्ति हस्तान्तरण कार्यविधि, २०७४, बगनासकाली गाउ कार्यपालिकाबाट पारित गाउँ सभा संचालन कार्यविधि , २०७४ लगायत यसमा आवश्यक पर्ने अन्य ऐन, नियमहरूलाई आधार मानी सोही अनुसार कार्यान्वियनका लागि सम्मानित गाउँसभा समक्ष पेश गरेको छु ।

आदरणीय उपस्थित महानुभावहरू,

यस गाउँ सभाको तयारीको क्रममा विभिन्न राजनैतिक दल, वडा समितिहरू, बिषयगत समितिहरू, विभिन्न सामाजिक संघ संस्थाहरू, विषयगत कार्यालयहरू, पत्रकार वन्धुहरु र कर्मचारी साथीहरू सक्रिय सहभागितामा वडा भेला सम्पन्न भै गाउ कार्यपालिकाबाट योजनाहरूको प्राथमिकीकरण र पारित गरी आएका बजेट, नीति तथा कार्यक्रमहरू सम्मानित गाउँपरिषद् समक्ष पेश गरेको छु ।

चालु आ. व. ०७४/०७५ को अनुमानित आय-व्यय बिवरण

**क) आय अनुमान** :

चालु आ.व. मा यस गाउँपालिकाको लागि कूल बजेट रू. ४१ करोड ५१ लाख ५९ हजार ८ सय ८३ रूपैंया, पैसा २० प्रक्षेपण गरिएको छ । जस मध्ये वित्तीय समानीकरण तर्फ १४ करोड २ लाख ६२ हजार, सशर्त पूँजीगत तर्फ १५ करोड २१ लाख ९ हजार, र संचित कोष बांकी आन्तरिक श्रोत प्रक्षेपण, वाह्यश्रोत प्रक्षेपण र सामाजिक सुरक्षा समेतमा १२ करोड २७ लाख ८८ हजार ८८३ रूपैया पैसा बिस अनुमान गरिएको छ ।

**ख) व्यय अनुमान** :

आर्थिक वर्ष २०७४/७५ को लागि रू. ४१ करोड ५१ लाख ५९ हजार ८ सय ८३ रूपैंया, पैसा २० व्यय अनुमान गरिएको छ ।जसमध्ये प्रशासनिक खर्चतर्फ रू. ४ करोड २३ लाख ७६ हजार विनियोजन गरिएको छ । जुन कुलबजेटको ३०.२१ प्रतिशत हुन आउंछ ।

आदरणीय उपस्थित महानुभावहरू,

आर्थिक वर्ष २०७४/०७५ को प्रस्तावित उद्देश्य, नीति , कार्यक्रम तथा बजेट तर्जुमा गर्दा निम्न बिषयलाई मार्गदर्शन को रूपमा लिइएको छ ।

- नेपालको संविधान -२०७२
- स्थानीय तह सञ्चालन सम्बन्धि आदेश, २०७३
- अर्थ मन्त्रालयको बजेट सिलिङ्क
- स्थानीय तहको नीति, कार्यक्रम तथा बजेट निर्माण र सार्वजनिक सम्पत्ति हस्तान्तरण कार्यविधि, २०७४
- बगनासकाली गाउँ कार्यपालिकाबाट पारित कार्यविभाजन नियमावली, २०७४
- बगनासकाली गाउँ कार्यपालिकाबाट पारित कार्यसम्पादन नियमावली, २०७४
- चालु त्रिवर्षिय योजनाले निर्दिष्ट गरेका लक्ष्य र उद्देश्यहरू
- वडास्तरबाट योजना तर्जुमा प्रक्रियाद्धारा प्राथमिकता निर्धारण भई आएका योजना तथा कार्यक्रमहरू
- साविक गाउँ परिषद्का आ.व. ०७३/०७४ को बजेटले निर्दिष्ट गरेका नीति, योजना तथा कार्यक्रमहरू
- गाउँ क्षेत्र भित्रका सरकारी तथा गैरसरकारी संघ संस्था एवं प्रवुद्ध व्यक्तिहरूबाट प्राप्त राय सुझाव र परामर्श

(१) **प्रमुख नीति** : गाउँको दीगो विकासका लागि "सुन्दर शान्त, समृद्ध, सभ्य बगनासकाली गाउँको सार आर्थिक, सामाजिक, पर्यटन र पूर्वाधार विकासको दीगो आधार '' भन्ने दीर्घकालिन नीति तयार गरी सोही अनुसार अल्पकालीन, मध्यकालीन, दीर्घकालीन योजना सहित अघि बढनु पर्ने बेला आइसकेको तथ्य पनि यस अवसरमा अनुरोध गर्न चाहन्छु ।

(२) **दीर्घकालीन नीति** :

- एकीकृत र दीघीकालीन विकासको लागि आवधिक पञ्चवर्षिय योजना तर्जुमा गरी कार्यान्वियन गर्ने ।
- गाउँ क्षेत्रको समग्र विकासको लागि बृहत एकिकृत गाउँविकास योजना -Coprehensive integrated town Development Plan_ तयार गर्ने ।
- गाउँको भू-उपयोग र आवास नीति तर्जुमा गरि समुन्नत गाउंको रूपमा विकास गर्ने ।
- गाउँ चक्रपथको पहिचान गरि विकास र विस्तार गर्ने ।
- पर्यटन विकास विस्तार र प्रवर्द्धनका लागि गाउस्तरीय पर्यटन गुरूयोजना तयार गर्ने ।
- गाउँ क्षेत्रभित्रका सम्भावित करका क्षेत्रहरूको पहिचान गरि दायरा बिस्तार गर्ने ।

- औद्योगिक विकास र कृषिलाई ब्यवसायीकीकरण गरी रोजगारी मार्फत गरिवी न्यूनीकरणमा टेवा पुऱ्याउने ।
- सार्वजनिक सम्पत्तिको पहिचान गरी संरक्षण र सम्वर्द्धन गर्ने ।
- सार्वजनिक, निजी, साभ्केदारी नीति कार्यान्वियन गर्न जोड दिने ।
- शिक्षा, स्वास्थ्य, भाषा, साहित्य र खेलकुदको विकास गर्ने ।
- सूचना प्रविधिको विकास र विस्तार गरी सेवा प्रवाहमा छरितो तुल्याउने ।
- सरसफाई र वातावरण संरक्षणमा अग्रणी नमूना गाउँपालिकाको रूपमा स्थापित गर्ने ।
- स्वदेशी गाउँपालिका, नगरपालिका वा कुनै एक अन्तर्राष्ट्रिय नगरसँग भगिनी सम्बन्ध कायम गर्ने ।

(३) **उद्देश्य** :

- विकासका पूर्वाधारहरूको विस्तार पहुँच बस्तीस्तरसम्म वृद्धि गरी विकासका अवसरहरूलाई पर्याप्त उपयोग गर्ने अवस्थाको सुनिश्चितता गर्ने ।
- समावेशी र समन्यायिक विकासको अवधारणा मार्फत विभिन्न वर्ग, क्षेत्र, लिङ्ग, सम्प्रदाय, जातजातीको श्रोत साधनमा पहुँच अभिवृद्धि गर्ने ।
- उत्पादनमूलक क्षेत्रमा ब्यवसायिकता र उद्यमशीलताको विकास एवं सामाजिक परिचालन मार्फत गरिवी न्यूनीकरण गर्ने ।
- विकासको दृष्टिले पछाडी परेका वडाहरूमा प्राथमिकताका साथ विकास कार्यक्रमहरू पुऱ्याई जनताको सामाजिक आर्थिक रूपान्तरण गर्ने ।
- सुरक्षित खानेपानी, सरसफाई र स्वास्थ्य सम्वन्धी चेतनाको स्तरोन्नती गरि दीर्घकालीन लक्ष्य प्राप्तिमा टेवा पुऱ्याउने ।
- विकास कार्यक्रम तथा आयोजनाहरू सञ्चालन गर्दा सरोकारवालाहरू वीच समन्वय गर्दै जनसहभागिता, पारदर्शिता र उत्तरदायित्व वढाई सु-शासनको प्रत्याभूति दिने ।
- वातावरणमैत्री, बालमैत्री स्थानीय शासनको अनुभूति हुने गरि नीति निर्माण र कार्यान्वियन गर्ने ।
- कृषि एवं पर्यटनलाई ब्यवसायिकरण गरी आय आर्जन वृद्धि गर्ने ।
- सवृद्ध, समुन्नत र श्रोत सम्पन्न गाउँपालिकाको रूपमा विकास गर्ने ।

(४) **क्षेत्रगत नीति** :

गाउँपालिकाले आर्थिक वर्ष २०७४/०७५ मा देहाय बमोजिमको क्षेत्रगत नीतिहरू अवलम्वन गर्ने छ ।

(क) **आर्थिक नीति** :

- कृषिलाई आधुनिकीकरण र ब्यवसायिकरण गरी आर्थिक विकासको मेरूदण्डको रूपमा विकास गर्ने नीति लिइने छ ।
- कृषि उपज संकलन तथा विज भण्डारण (Seed Bank) स्थापना गरी गै.स.स. एवं निजी संस्थाहरूको साभ्केदारीलाई अभिवृद्धि गर्ने नीति लिइने छ ।
- एकवडा एक उत्पादन कृषि तथा पशुजन्य उत्पादनहरूको पकेट क्षेत्र, गोठ सुधार, नश्ल सुधार जस्ता कार्यक्रमहरूलाई विशेष महत्व दिने नीति अवलम्वन गरिने छ ।
- यस क्षेत्रमा रहेका वित्तीय संघ संस्थाहरूसंग असल समन्वयको नीति लिइनेछ ।
- साना, मभ्कौला तथा ठूला उद्योग स्थापना, संचालन एवं प्रवर्द्धन गर्ने विशेष नीति लिइनेछ ।
- बगनासकाली गाउंपालिकाको पर्यटकीय गुरू योजना तयार गरी कार्यान्वियन गरिने छ ।
- बगनास देवीस्थान, दर्लममहाकाली, सिद्ध गुफा, बौद्ध विहार, शिवासन मन्दिर जस्ता धार्मिक तथा पर्यटकीय स्थानहरूलाई ग्रामीण पर्यटनको रूपमा संरक्षण र विकास गरी पर्यटन प्रवर्द्धन गरिने छ ।

- अर्थतन्त्रको एक खम्वाको रूपमा रहेको सहकारीको सञ्जाल फराकिलो र बलियो बनाई आम जनताको आर्थिक -सामाजिक जीवनस्तर उन्नतीको नीति लिइनेछ ।

(ख) **सामाजिक विकास नीति :**

- विद्यालयहरूको भौतिक निर्माणमा सहयोग गरी शैक्षिक गुणस्तर सुधार कार्यक्रममा जोड दिइनेछ ।
- गाउपालिका स्तरीय शिक्षा समिति गठन गरी शिक्षा सम्वन्धी कार्यक्रमहरूको समन्वय गरिने छ ।
- महिला, बालवालिका, आदिवासी/ जनजाती, दलित, अपाङ्ग, जेष्ठनागरिक, पिछडा वर्ग लगायत आर्थिक सामाजिक दृष्टिकोणले पछाडि परेका सबै वर्ग समूह र समुदायका उत्कृष्ट विद्यार्थीलाई प्रोत्साहित गर्न विशेष पुरस्कार र प्रशंसाबाट सम्मान गरिने छ ।
- यस क्षेत्रमा रहेका स्वास्थ्य चौकीह,उप-स्वास्थ्य चौकीहरू रू, स्वास्थ्य क्लिनिकहरू भौतिक निर्माण तथा गुणात्मक सेवाको विकास र विस्तारमा आवश्यक सहयोग पुऱ्याइने छ ।
- गाउँपालिकाको पायक पर्ने स्थानमा १५ शैयाको अस्पताल स्थापना गर्न पहल गरिने छ ।
- सुरक्षित मातृत्व, स्वास्थ्य वीमा, यम्वुलेन्स सेवा, स्वास्थ्य स्वयसेविका प्रोत्साहन, २४ घण्टे प्रसुति सेवा, बालवालिकाको पोषण सुधार, योग शिविर र स्वास्थ्य शिविर जस्ता स्वास्थ्य कार्यक्रमलाई विशेष महत्व दिइने छ ।
- गाउँपालिका क्षेत्रभित्रका पानीका श्रोत तथा मुहानहरूको संरक्षण गरी आम जनतालाई स्वच्छ पिउने पानी सरल र सुलभ तरिकाले उपलब्ध गराउने नीति लिइनेछ ।
- ``राष्ट्रका लागि खेल, जीवनका लागि खेल'' भन्ने राष्ट्रिय नीतिलाई चरितार्थ गर्न गाउंपालिकास्तरीय र वडास्तरीय खेलकुद मैदान स्थापना गर्न पहल गर्ने नीति लिइनेछ ।

(ग) **पूर्वाधार विकास नीति :**

- साविक नौं वटै गा.वि.स. हरू (चिर्तुङ्गधारा, पोखराथोक, नायरनमतलेस, खानीछाप, दर्लमडाँडा, यम्घा, खानीगाऊ, चापपानी, बराङ्गदी) समेटेर सहज आवागनम गर्नका लागि बाह्रै महिना सवारी साधन चल्ने (All Weather Rural Roads) बाटो बनाउने नीति लिइने छ ।
- बगनासकाली गाउँपालिका भित्रका सम्पूर्ण सडकहरूको न्यूनतम मापदण्ड (Road Norms) तयार गरिनेछ
- गाउंपालिका भित्र सडकहरू ब्यवस्थित विकास गर्न गाउँ यातायात गुरूयोजना (Rural Transport Master Plan-RTMP) तयार गरि कार्यान्वयन गरिनेछ । गाउंपालिकाले निर्माण गर्ने सडकहरूको वर्गिकरण गरि कालोपत्रे सडक, ग्राभेल र कच्ची सडकहरूको नामाकरण गरि उक्त सडकहरूमा पर्ने जग्गाको लगत कट्टा गर्न मालपोत तथा नापी कार्यालयसंग समन्वय गरिने छ ।
- गाउँपालिकको सुविधा सम्पन्न भवन निर्माण कार्य अगाडि बढाइने छ ।
- सडक योजनाहरू सर्भे, डिजाइन तथा इष्टिमेट पछि मात्र कार्यान्वयन गरिने नीति लागू गरिने छ ।
- गाउँपालिका क्षेत्रभित्र उपयुक्त स्थानमा भ्यू टावर, बसपार्क, चिल्ड्रेन पार्क, जेष्ठनागरिक पार्क, गाउँ हल निर्माण, सडक बत्ति जडान जस्ता पूर्वाधार निर्माणमा विशेष जोड दिइनेछ ।
- भू-उपयोग योजना (Land Pooling) कार्यक्रम, वैज्ञानिक गाउँ विकास (TownPlanning) आवधिक वार्षिक योजना, राष्ट्रिय भवन संहिता, सडक मापदण्ड निर्धारण जस्ता कार्यक्रम तयार गरी लागू गर्न प्राथमिकता दिइने छ ।
- वातावरण संरक्षण सहितको दीगो विकासको नीति अवलम्वन गरिने छ ।

(घ) **बातावरण तथा विपद् ब्यवस्थापन नीति :**

- वातावरणमैत्री स्थानीय शासन अवलम्वन गरिनेछ ।

- गाउँपालिकाको मुख्य नीति सुन्तर शान्त समृद्ध सभ्य बगनासकाली गाउँको सार, आर्थिक, सामाजिक, पर्यटन र पूर्वाधार विकासको दीगो आधारलाई मुर्तरूप दिइनेछ ।
- हरित गाउँ बनाउन सडक क्षेत्रको निर्माण/स्तरोन्नती गर्दा सडकको दाया वाँया निश्चित दूरीमा वृक्षा रोपण गरेपछि र अन्य निर्माण कार्यहरूको हकमा फरफारक गर्नु अघि कम्तिमा २ वटा रूख रोपे पछिमात्र भुक्तानी दिने व्यवस्थालाई शुरूवात गरिने छ ।
- गाउँपालिकालाई पूर्ण सरसफाई तर्फ अगाडी बढाउने खालका कार्यक्रमहरू ल्याइनेछ ।
- फोहर मैलालाई घर घरमा वर्गिकरण गरी आफै व्यवस्थापन गर्न उत्प्रेरित गर्ने कार्यलाई अभियानका रूपमा लिइनेछ ।
- एकवडा एक पार्क, एकवडा एक वालवाटिका पार्क निर्माण गरिने छ । गाउंका सार्वजनिक जग्गाहरूको तथ्यांङ्कीकरण गरी उपयुक्त स्थानमा सार्वजनिक पार्क/वोटानिकल गार्डेन निर्माण गर्दै सार्वजनिक जग्गाको संरक्षण गर्ने नीति लिइनेछ ।
- स्थानीय स्तरमा स्थानीय दैवी प्रकोप उद्धार समिति गठन एवं परिचालन गरिनेछ ।
- भू-क्षय, वाढी, पहिरो, आगलागी, डढेलो नियन्त्रणका लागि विभिन्न संघ संस्थाहरूको समन्वयमा कार्यक्रम संचालन गर्न विशेष पहल गरिनेछ ।

**(ङ) संस्थागत विकास,सेवा प्रवाह र सु-शासन नीति** :

- कार्यालय व्यवस्थापन, सार्वजनिक सेवा प्रवाहमा प्रभावकारीता ल्याइनेछ ।
- प्रशासनीक खर्चलाई सीमा भित्र राख्न आन्तरिक राजश्व वृद्धि एवं प्रशासनिक खर्च मितब्ययी बनाउन अधिकत्तम प्रयास गरिनेछ ।
- स्थानीय शान्ति सुरक्षा कायम गर्न एवं सामाजिक विकृति विसंगती विरूद्धका गतिविधिहरू रोक्न गाउँ प्रहरी / प्रहरी कार्यालयहरूसंग समन्वय गरिनेछ ।
- गाउँपालिकाको आम्दानी र खर्च सार्वजनिकीकरण गरिनेछ ।
- सुशासन अभिवृद्धिका लागि सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, नागरिक वडापत्र, नोडेल अफिसर, सूचना अधिकारी जस्ता विषयलाई उचित चासो दिइनेछ ।
- गाउँपालिकाको आर्थिक प्रशासनलाई पारदर्शी वनाउने, आय, लेखा, मालपोत, धभद उचयतर्या जस्ता कयातधबचभ जडान गरिने छ ।
- गाउँपालिकामा रिक्त रहेका पदहरू पूर्ति गर्दै लगिने छ ।
- सूचना मैत्री शासन लागू गरिने छ । नागरिकले पाउनु पर्ने हरेक सूचना सहज रूपमा उपलब्ध गराइनेछ । हरेक महिना मासिक प्रगतिको सार्वजनिकीकरण गरिनेछ ।

**(५) बिषयगत नीति** :

गाउँपालिकाले आर्थिक वर्ष ०७४/७५ मा देहाय वमोजिमका बिषयगत नीतिहरू अवलम्बन गर्नेछ ।

**(क) राजश्व तर्फ** :

- राजश्व तर्फ चालु आ.व. मा बगनासकाली गाउपालिकाबाट लिइदै आएको विभिन्न शिर्षक अनुसारको दस्तुरमा राजश्व परामर्श समितिको सिफारिसमा यस सम्मानित गाउँसभाबाट यस आ.व.का लागि पारित भएका सबै कर, महशुल, दस्तुर, शूल्क, रोयल्टी, जरिवाना र मापदण्डहरूको कार्यान्वियन गरिनेछ ।
- राजश्वका दरहरू जनमैत्री तथा दायराहरू बढाउने कुरालाई प्राथमिकता दिइएको छ ।

**(ख) कृषि तर्फ** :

- कृषि प्रणालीलाई ब्यवसायिकरण र प्रतिस्प्रर्धात्मक कृषि प्रणालीमा रूपान्तरण गरी जीवनस्तरमा क्रमिक सुधार ल्याइने छ ।

- उर्वरा कृषि भूमिलाई गैर कृषिको रूपमा प्रयोगमा ल्याउने कार्यलाई निरूत्साहित गरिनेछ ।
- राजमार्ग एवं सहायक राजमार्गको छेउछाउमा अदुवा, कफी, सुन्तला, मकै जस्ता वढी मूल्य पर्ने कृषि उत्पादनको पकेट क्षेत्र निर्माण गरिनेछ ।
- कृषि उत्पादनको संकलन, प्रशोधन, संचय र ढुवानी गर्ने कार्यलाई विशेष अनुदानको ब्यवस्था गरिनेछ ।
- हानिकारक किटनाशक औषधीको अत्यधिक प्रयोग गरी कृषि उत्पादन गर्ने वर्तमान प्रवृत्तिलाई निरूत्साहित गरी समूहमा आर्गनिक खेतीगर्ने किसान समूह, सहकारीलाई जैविक मल बनाउने तालिम र वीऊमा अनुदान एवं आर्गनिक उत्पादनको पहिचान सहित बजारीकरणमा सहयोग गरिनेछ ।
- ब्यवसायिक रूपले कृषि ब्यवसाय गर्ने किसान वा किसान समूहलाई विशेष अनुदानको ब्यवस्था गरिनेछ ।
- स्थानीय स्तरमा निम्न आयश्रोत भएका महिला, दलित, एकल महिला, सिमान्तकृत वर्ग तथा विपन्न वर्गलाई विऊ, वेर्ना नर्सरी स्थापनामा विशेष अनुदान दिइनेछ ।
- स्थानीय स्तरमा रहेका जडीवुटी, डालेघाँस एग्रो फरेष्टीका साथ उन्नत पशुपालनमा वढावा दिइनेछ ।
- गउँपालिकाको भौगोलिक वनौटलाई दृष्टिगत गरी वेमौषमी तरकारी खेती, पुष्पखेती, पशुजन्य उत्पादनका लागि कृषकलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याइने छ ।

**(ग) पशुपालन तर्फ** :

- दुध, मासु र अण्डामा आत्मनिर्भर हुने खालका कार्यक्रम ल्याइने छ ।
- पशुमा नश्ल सुधार गरी उत्पादनमा वृद्धि गरिने छ ।
- घाँसमा आधारित पशुपालन गरी उत्पादन लागत घटाइनेछ ।
- पशुपालन ब्यवसायलाई स्वरोजगारमुखी बनाई युवा स्वरोजगार सिर्जना गरी वैदेशिक पलायनलाई कमी गरिनेछ ।
- पशुजन्य उत्पादनलाई बजारीकरण र विविधिकरण गरिनेछ ।
- गुणस्तरीय तथा स्वास्थ्यकर पशजन्य उत्पादनको वेचबिखनलाई  बजारीकरण र  नियमन गरिनेछ ।
- पशु रोगहरूको पहिचान गरी रोग लाग्नबाट बचाउन पशु स्वास्थ्य सेवा कृषक समक्ष पुऱ्याइने छ ।
- एक गाउं एक प्राविधिक राष्ट्रिय कार्यक्रमलाई निरन्तरता दिई प्रभावकारी  बनाइनेछ ।

**(घ) शिक्षा तर्फ** :

- शैक्षिक गुणस्तर सुधार गर्न शैक्षिक सामाग्री, भौतिक सामाग्री, विज्ञान प्रयोगशाखा जस्ता विषयमा सहयोग पुऱ्याइनेछ ।
- बालविकास केन्द्र र विद्यालयस्तरमा गुणस्तरीय शिक्षा प्रदान गर्न वालमैत्री पूर्वाधार तथा भौतिक निर्माणमा जोड दिइनेछ ।
- गाउँपालिका भित्रका सबै वालबालिक विद्यालय भर्ना गर्ने र कोही बालबालिका पनि विद्यालय वाहिर नरहने नीतिलाई अवलम्वन गरिनेछ ।
- प्राथमिक उमेर समूहका सम्पूर्ण बालबालिकालाई विद्यालय भर्ना गराउन वडा सदस्य मार्फत प्रोत्साहित गरिनेछ
- गुणस्तरीय शिक्षा र मितब्ययीताका लागि विद्यालय मर्जको ब्यवस्थालाई अवलम्वन गरिनेछ ।

**(ङ) स्वास्थ्य तर्फ** :

- स्वास्थ्य संस्था भन्दा टाढा रहेका स्थानमा सामुदायिक स्वास्थ्य इकाई स्थापना गरी स्वास्थ्य सेवा संचालन गर्न पहल गरिनेछ ।
- आगामी ५ वर्ष भित्र शुन्य होमडेलीभरी घोषणा गरी सुरक्षित मातृत्व कार्यक्रम अवलम्वन गरिनेछ ।

- शुद्ध खानेपानीको ब्यवस्थापन गरी पानीजन्य रोगलाई न्यूनीकरण गरिनेछ ।
- गाउँपालिका भित्रका किशोर किशोरीहरूको स्वास्थ्य सचेतना अभिवृद्धि गर्न कार्यक्रम संचालन गरिनेछ ।
- स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी तथा महिला स्वा. स्वयम सेविकाहरूको कार्यसम्पादन मूल्यांकन गरी उत्कृष्ट कर्मचारी/म.स्वा.से. लाई पुरस्कृत गरिनेछ ।
- महिला स्वंम सेविकालाई कार्यको चांप हेरी आर्थिक प्रोत्साहन गरिनेछ ।
- गाउंपालिकाका अशक्त असहाय, अति विपन्न नागरिकहरूका लागि घरदैलोमा स्वास्थ्य सेवा उपलव्ध गरिनेछ ।
- गाउंपालिका भित्र सबै विद्यालयहरूमा विद्यालय स्वास्थ्य कार्यक्रम संचालन गरिनेछ ।
- गाउंपालिका भित्र स्वास्थ्य जीवन शैलीको अभ्यासका लागि योग शिविर, स्वास्थ्य शिविर, प्राकृतिक चिकित्सा पद्धतिको अवलम्वन गरिनेछ ।

**(च) पर्यटन तर्फ** :

- यस क्षेत्रका सम्भावित पर्यटकीय क्षेत्रहरूको प्रचार प्रसार गरिनेछ ।
- पर्यटनलाई आर्थिक विकासको रूपमा लिन होमस्टे र ग्रामीण पर्यटनलाई प्रवर्द्धन गरिनेछ ।
- आन्तरिक पर्यटन र वाहय पर्यटनलाई आकर्षण गरी उनीहरूको स्टे-दिन-दर वढाउने कार्यक्रम ल्याइनेछ ।

**(छ) युवा तथा खेलकुद तर्फ** :

- गाउँपालिकाका युवा,युवति शक्तिहरूलाई स्वदेशमै बसी योगदान गर्न सक्ने वातावरण तयार गर्न विभिन्न ब्यवसाय, रोजगारी सिर्जना गर्ने तालिम, शिक्षा लगायतका विविध कार्यक्रम ल्याइनेछ ।
- वैदेशिक पलायन रोक्न स्वदेशमै स्वरोजगार गर्न चाहने युवा, युवति हरूलाई विशेष अनुदानको कार्यक्रम ल्याइनेछ ।
- सामाजिक विकृतिमा फसेका युवा/युवती शक्तिलाई त्यस्ता गतिविधिबाट टाढा राख्न पुर्नस्थापना गर्ने विभिन्न कार्यक्रम ल्याइनेछ ।

**(ज) गरिवी निवारण तर्फ** :

- यस क्षेत्रका गरिव, निमुखा, सुकुम्वासीहरूको तथ्याङ्क अध्यावधिक गरी उनीहरूको आर्थिक, सामाजिक विकासको लागि स्वरोजगारमूलक, शिपमूलक तालिमहरू संचालन गरिनेछ ।
- सार्वजनिक जग्गाम बसेका सुकुम्बासीहरूको वैकल्पिक ब्यवस्थ ागर्न सवन्धित निकायसंग समन्वय गरिनेछ ।

**(झ) सहकारी तर्फ** :

- गाउपालिका क्षेत्रभित्र सहकारीहरूको सञ्जाललाई बलियो वनाइनेछ ।
- आर्थिक गर्जो टार्न र साना तिना आर्थिक समस्या सहकारी मार्फत समाधान गर्ने वातावरण मिलाइनेछ ।

**(ञ) सामाजिक परिचालन तर्फ** :

- गाउँपालिका स्तरीय सामाजिक परिचालन समितिको गठन गरी सामाजिक परिचालन सम्वन्धी कार्यक्रमहरू प्रभावकारी रूपमा सम्पन्न गरिनेछ ।

**(ट) लक्षित वर्ग तर्फ** :

**(अ) महिला तर्फ** :

- महिलाहरूको क्षमता अभिवृद्धको लागि विभिन्न सशक्तिकरणका कार्यक्रम संचालन गरिनेछ ।
- महिलाहरूको लागि आयमूलक कार्यक्रमका विशेष अनुदानको ब्यवस्था गरिनेछ ।

- महिला हिंसा, घरेलु हिंसा, चेलीवेटी वेचविखन जघन्य अपराध विरूद्ध विविध कार्यक्रम ल्याइनेछ ।
- महिला अधिकार सम्वन्धि जानकारीमूलक कार्यक्रम संचालन गरिनेछ ।

**(आ) बालवालिका तर्फ** :

- बालवालिका विकासका गतिविधिहरू संचालन गर्न गाउपालिकामा गाउपालिकास्तरीय र प्रत्येक वडामा वडास्तरीय वाल सञ्जाल गठन गरिनेछ ।
- बालमैत्री स्थानीय शासन लागू गरिनेछ ।
- बालबालिकहरूको तथ्याङ्क संकलन र अध्यावधिक गरिनेछ ।
- विद्यालय भर्ना हुन र अध्ययन गर्न नसक्ने गरिव तथा विपन्न बालवालिकाहरूलाई गाउपालिकाबाट विशेष छात्रवृत्ति र सहयोग उपलब्ध गराइनेछ ।
- वालश्रम न्यूनीकरण देखि रोक्न सम्म विशेष पहल गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण बालवालिकाहरूलाई वाल अधिकार सम्वन्धि सु-सूचित गरिने छ ।

**(इ) दलित तर्फ** :

- दलित वर्गको समग्र आर्थिक सामाजिक उन्नतीको लागि परम्परागत ज्ञान र शीपलाई ब्यवसायिक बनाउन विशेष कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ ।

**(ई) आदिबासी/जनजाति तर्फ** :

- आदिवासी तथा जनजाती वर्गको समग्र आर्थिक सामाजिक विकासका लागि शिपमूलक तालिम र सशक्तिकरणका कार्यक्रमहरू संचालन गर्न पहल गरिनेछ ।

**(उ) जेष्ठ नागरिक तर्फ** :

- जेष्ठनागरिकहरूका लागि आत्मसम्मान हुने गरी सम्मान गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरण हुने प्रक्रियालाई सहजीकरण गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र रहेका वृद्धाश्रमहरूको स्तरोन्नती गरिनेछ र आवश्यक ठाउमा थप वृद्धाश्रमको स्थापना गर्न पहल गरिनेछ ।
- अनुभवका खानीका रूपमा रहेका जेष्ठनागरिकहरूको वौद्धिक ज्ञान उपयोग गर्ने विशेष कार्यक्रम ल्याइने

**(ऊ) अपाङ्ग तर्फ** :

- अपाङ्ग वर्गको वर्गिकृत तथ्याङ्क संकलन गरी अध्यावधिक गरिनेछ ।
- गाउंपालिका क्षेत्रभित्रका अपाङ्गहरूलाई आवश्यकता अनुसार ह्विलचियर, सेतोछडी जस्ता सामाग्री वितरण गरि जीवन सहज गराउन पहल गरिनेछ ।

उपरोक्त नीति, कार्यक्रम तथा बजेटमाथि यस गाउँसभामा उपस्थित हुनु भएका अतिथिज्यूहरूबाट प्रभावकारी कार्यान्वियनका लागि सल्लाह र सुझावको अपेक्षा गरेको छु । गाउँको उपलब्ध स्रोत र साधनले धान्न नसकेका आयोजनाहरूलाई केन्द्र पठाइनेछ । गाउँको समष्टिगत विकासको लागि सहयोग पुर्‍याउन हुने राष्ट्रिय योजना आयोग, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, नेपाल सरकारका अन्य मन्त्रालयलगायत विकास साझेदार संस्थाहरूसँग गाउँपालिकाको प्राथमिकताका आधारमा आवश्यक बजेट विनियोजना गरिदिनु हुन हार्दिक आग्रह गर्दछु ।

जनप्रतिनिधिविहिन अवस्थामा पनि सबैलाई समेटेर कर्मचारीहरूबाट भएको सकरात्मक कार्यका लागि गाउँपालिका एवंम अध्यक्षको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

आ.व.२०७४/७५ को वार्षिक योजना तर्जुमा गर्ने सिलसिलामा महत्वपूर्ण योगदान पुऱ्याउनु हुने राजनैतिक दलका प्रतिनिधिज्यूहरू, राजश्व परामर्श समितिका सदस्यूहरू,साझेदार संस्थाहरू, गैससहरू, पत्रकारहरू, निजी क्षेत्र, सम्पूर्ण संघसस्था लगायत योजना तर्जुमा अहोरात्र खट्ने गाउँपालिकाका कार्यकारी अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरूमा विशेष धन्यवाद ज्ञापन गर्दछु ।

हाम्रो आमन्त्रणलाई स्वीकार गरी आनो कार्यव्यस्तता भएतापनि उपस्थित भई गाउँसभाको गरिमा बढाई दिनु हुने प्रमुख अतिथि एवं अतिथिज्यूहरूमा विशेष आभार प्रकट गर्दछु । स्थापनाकालको करिव ४ महिना भएको गाउँपालिकाले सबैका मागलाई सम्बोधन गर्न सक्दैन, सिमित स्रोत साधन र जनशक्तिको सिमिततालाई ध्यान दिदै रचनात्मक सुझाव दिन, गलत कदम उपर समयमै खवरदारी गर्न र राम्रा कार्यहरूलाई प्रशंसा गर्न आग्रह गर्दछु । अन्तमा योजना, नीति, कार्यक्रम, बजेट तयार गर्न प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने यहाँहरू सबैलाई आभार व्यक्त गर्दै धन्यवाद ज्ञापन गर्दछु ।

**जय, बगनासकाली ।**

कृष्ण प्रसाद बस्याल

२०७४ भाद्र १५ गते , बिहीबार । अध्यक्ष

वित्तीय ब्यवस्थापन र सुशासन :

निर्णय नं. ९ आ. व. ०७४/७५ मा वडा कार्यालयबाट सम्पन्न भएका योजनाहरू तथा गाउपालिका केन्द्रबाट सम्पादन भएका ३ वटा योजना तथा कार्यालय फर्निचर र मेशिनरी औजार खरिद सम्वन्धी कार्यको जाँचपास तथा फरफारक सम्वन्धी निर्णयहरूलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १० गाउपाकि सभामा गाउपालिका केन्द्रका कर्मचारीहरू तथा कार्यपालिका पदाधिकारीहरू, वडा सचिवहरू गउपालिकाको योजना तथा वजेट तर्जुमा नीति नियमसंग सम्वन्धित काममा अहोरात्र खटिनु परेको हुंदा सोही बजेट नीति तर्जुमाको समयमा जनही रू. १०,०००।- मात्र अतिरिक्त भत्ता कन्टेन्जेन्सीबाट ब्यहोर्ने गरी उपलब्ध गराउने निर्णय गरियो ।